“समानता, स्वाभिमान र अवसर-बस्न योग्य बुटवल शहर”

# सफलताका सय दिन

## बुटवल उपमहानगरपालिका
बुटवल, रुपन्देही

# सफलताका सय दिन

प्रकाशक

**बुटवल उपमहानगरपालिका**

संरक्षक

**खेलराज पाण्डेय**

(नगर प्रमुख)

सल्लाहकार

**सावित्रादेवी अर्याल**

(उपप्रमुख)

**टेकराज पन्थी**

(प्रमुख प्रशासकीय अधिकृत)

सम्पादन मण्डल

**मित्रमणि खनाल**

(अधिकृत दशौं)

**सी. पी. खनाल**

(प्रेसविज्ञ)

# सफलताका सय दिन

**बुटवल उपमहानगरपालिकामा पदबहाली गरेको एक सय कार्यदिन पूरा गरेको अवसरमा नगर प्रमुख श्री खेलराज पाण्डेयज्यूले प्रस्तुत गर्नुभएको एक सय कार्यदिनको उपलब्धि ।**

२०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भएर पदबहाली गरेपश्चात् एकसय कार्य दिन पूरा गरिसकेको यस महत्वपूर्ण समयमा प्रत्यक्ष, अप्रत्यक्ष वा परोक्ष रूपमा उपस्थित यस क्षेत्रका नेपाल सरकारका माननीय गृह मन्त्रीज्यू, संघीय सांसदज्यूहरू, लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेशसभा सदस्यज्यूहरू, सम्पूर्ण राजनीतिक दलका प्रमुख एवम प्रतिनिधिज्यूहरु, बुटवल उपमहानगरपालिकाका वडा अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, वडा सदस्यहरू, विभिन्न विषयगत समितिका संयोजकहरू, सुरक्षा निकायका प्रमुखहरु, उद्योग वाणिज्य संघलगायत सम्पूर्ण निजी संघसंस्थाका प्रतिनिधिहरु, नेपाल पत्रकार महासंघका अध्यक्षलगायत सम्पूर्ण पत्रकार एवं सञ्चारकर्मी मित्रहरू, बुटवल स्थित सम्पूर्ण कार्यालयका प्रमुख एवं राष्ट्रसेवक कर्मचारीहरु, सम्पूर्ण नगरबासी आदरणीय आमाबुबा, दाजुभाई, दिदीबहिनीहरु लगायत उपस्थित महानुभावहरु सबैमा हार्दिक नमस्कार ।

यस महत्वपूर्ण अवसरमा राष्ट्रियता, स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

२०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट हामीलाई बिजयी गराउनुहुने सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु।

**उपस्थित महानुभावहरु,**

करीब एक करोड दश लाख वर्ष पूरानो आदिम मानव रामापिथेकसको अवशेष फेला परेको र नेपाल अंग्रेज युद्धमा विजय हासिल गरेको बुटवल प्राचीन, ऐतिहासिक, पर्यटकीय, व्यापारिक र व्यावसायिक केन्द्रको रुपमा रहेको नेपालकै महत्वपूर्ण शहर हो। पाल्पाली सेनवंशीय राजाहरुको गृष्मकालीन दरबार रहेको बुटवललाई शैक्षिक, व्यापारिक, औद्योगिक, पर्यटकीय, प्रविधियुक्त, स्वस्थ र प्रतिस्पर्धी नगरका रुपमा स्थापित गर्न सकिन्छ भन्ने योजनाका साथ हामीले नीति तथा कार्यक्रम र वार्षिक बजेट पारित गरिसकेका छौं।

हामी निर्वाचित भएदेखि नै सहमति, सहकार्य, एकता र मेलमिलापको मार्गमा अगाडि बढिरहेका छौं। बुटवल हामी सबैको र हामी सबै बुटवलको भन्ने भावनासहित बुटवलको सम्मुनत विकास तथा देशकै सबल आर्थिक केन्द्र बनाउन निरन्तर लागिरहनेछौं। हामी बुटवलमा असल शासन, कुशल प्रशासन, चुस्त सेवाप्रवाह र प्रभावकारी कार्यका लागि निरन्तर समर्पित छौं। सबै वडाहरुको सन्तुलित विकास गर्दै नगरबासीको साझा चौतारीको रुपमा बुटवल उपमहानगरपालिकालाई स्थापित गर्न हामी प्रयत्नरत छौं।

हाम्रो विश्वास छ,

बुटवल सफा, स्वच्छ र सुरक्षित शहरको रुपमा रुपान्तरित हुने छ।

बुटवललाई 'समानता, स्वाभिमान र अवसरसहितको बस्नलायक सहर'का रुपमा रुपान्तरण गर्ने संकल्पका साथ हामी जनप्रतिनिधिहरु यहाँका जनता, राष्ट्रसेवक कर्मचारी, संघसंस्था, नागरिक समाजलाई साथसाथै लिएर नगरबासीको जनप्रतिनिधिसँगको पहुँचलाई सरल बनाउँदै बुटवलको उन्नति यात्रामा अघि बढिरहेका छौं।

**उपस्थित महानुभावहरु,**

बुटवलभित्र जे हुन्छ, त्यसमा बुटवलको चासो र सरोकार रहन्छ, चाहे त्यो संघीय सरकारको क्षेत्रभित्रको कुनै आयोजना होस् या प्रदेश सरकारको, बुटवलबासीलाई लाभहानीको दृष्टिले हामीले समन्वय, सहकार्य र सहजीकरणका लागि निरन्तर प्रयत्न गर्नेछौं ।

बुटवलको सडक निर्माणमा भएको ढिलासुस्ती र आलटालका विरुद्ध हामीले निरन्तर छलफल र बैठकहरु गर्दै सडक निर्माणमा सहजीकरण र सहकार्य गरिरहेका छौं । बुटवलमा रहेका संघीय सरकारका कार्यालयहरुमा डेलिगेशन र छलफलका माध्यमबाट बुटवलबासीका समस्या राख्दै समाधानका लागि चासो दिन झक्झक्याउने काम गरेका छौं । अन्य विषयमा पनि यसैगरी हाम्रो स्वार्थ बुटवल र बुटवलबासीको सर्वोपरि हितका पक्षमा रहनेछ ।

**आदरणीय आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु !**

अनन्त सम्भावना सहितको सुन्दर बुटवल नगर फेरि पनि सफल नगरका रुपमा अग्रपंक्तिमा आउने छ । त्यसका लागि हामीले भर्खर पाइला चाल्दैछौं ।

हामी निर्वाचित भई २०७९ जेठ ९ गते पदस्थापन गरेको एक सय दिन पूरा भएको उपलक्ष्यमा एक सय कार्यदिनको उपलब्धिहरू यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । म, यहाँहरूको जहिले पनि रचनात्मक र सकारात्मक सुझावको सधै अपेक्षाकृत रहेको छु ।

हामीले कार्यभार सम्हालेको १०० दिन पूरा भएको अवसरमा बुटवल उपमहानगरपालिकाले गरेका प्रयत्नहरु यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## एक सय कार्यदिनमा भएका उपलब्धि तथा प्रयासहरु

- पद बहाली भएपछि आर्थिक वर्ष २०७९।०८० का लागि वार्षिक योजना, नीति तथा कार्यक्रम र बजेट नगरसभाबाट यथासमयमा पारित गरी सकिएकोछ।
- गत आर्थिक वर्ष २०७८।०७९ का योजना तथा कार्यक्रम सञ्चालन, कार्य सञ्चालनमा समन्वय, सहजीकरण गरी योजनाहरू सम्पन्न गरिएको छ।
- असार मसान्त लागेपछि योजना सम्पन्न गर्नथाल्ने परिपाटीको अन्त्य गर्न वार्षिक कार्ययोजना स्वीकृत गरी जेठ मसान्त भित्रै कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरी सकिएकोछ।
- चालू आर्थिक वर्षका लागि सम्पत्ति कर र घरबहाल करमा १० प्रतिशत, इरिक्सा कर, हाटबजार बैठकी करमा १० देखि १८ प्रतिशतसम्म, महिला, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका व्यवसायका लागि लाग्ने व्यवसाय करमा १० प्रतिशत कर छुट गरिएको छ।
- राजमार्ग चौराहादेखि चिडियाखोलासम्मको सडक निर्माण कार्य समयमा सम्पन्न नहुँदा राजमार्गतर्फ पसल राखी व्यवसाय गर्न कठिनाई भोग्नुपरेका व्यवसायीहरुलाई व्यवसाय करमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ।
- ज्योतिनगर पहिरो प्रभावित क्षेत्रका संरचनाहरुमा सम्पत्ति कर असुली गर्दा सम्पत्ति मूल्यांकनमा ७५ प्रतिशत कर छुट गरिएको छ।
- नागरिकता, अपाङ्गता, जेष्ठ नागरिक परिचय पत्र सहित १३ प्रकारका सिफारिश दस्तुर निःशुल्क गरिएको छ।
- बुटवल उपमहानगरपालिका वडा नं. १३ र १७ मा १६/१६ बेडका अक्सिजन सहितका दुई अस्पताल स्थापनाका लागि प्रक्रिया आरम्भ गरिएको छ।

- बुटवल-१५ सेमलारमा नेपालकै आधुनिक र व्यवस्थित कृषि बजार केन्द्र स्थापना गर्न जग्गा प्राप्तिको लागि प्रक्रिया अघि बढेको छ।
- आम्दा अस्पतालमा प्रविणता प्रमाण पत्र तहको नर्सिङ अध्ययनका लागि सम्बन्धन तथा आवश्यक शैक्षिक पूर्वाधार तयार गर्न प्रक्रिया अगाडि बढाईएको छ।
- बुटवल टेक्निकल इन्स्टिच्युटमा सिभिल इन्जिनियरिङतर्फ स्नातक तहको अध्ययन आरम्भका लागि प्रक्रिया अगाडि बढाइएको छ।
- अटो भिलेजमा स्नातक तहको अटो इन्जिनियरिङ कलेज स्थापना गर्न सम्भाव्यता अध्ययनका लागि प्रारम्भिक बजेटको व्यवस्था गरिएको छ।
- बुटवल उपमहानगरपालिका, नगर विकास कोष र मल्टिडेफोर्ट हार्मोनिक जेभीसँग बहु तले पार्किङ भवन निर्माणका लागि परामर्शदातासँग सम्झौता भई अध्ययन कार्य शुरू भएको छ।
- बुटवल उपमहानगरपालिका वडा नं.७ र ८ मा रहेको धागो कारखानादेखि उत्तरतर्फको ३५ विगाहा जग्गा प्रदेश स्तरको हरियाली बसपार्क निर्माणका लागि शिवनगर सामुदायिक वनसँग सहमति माग गरी प्रक्रिया अगाडि बढाइएको छ।
- बुटवल-१६ मा कृषिविज्ञान (बी.एस.सी.एजी.) कलेज स्थापनाका लागि प्रक्रिया अगाडि बढाइएको छ।
- बुटवल-बेलहिया सडकअन्तरगत बुटवल राजमार्ग चौराहादेखि गोलपार्कसम्मको सडक निर्माणको काम अलपत्र परेपछि निर्माण कार्यको अनुगमन र सहजीकरण गर्न बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा नेपाल विद्युत प्राधिकरण, नेपाल खानेपानी संस्थान,

उद्योग वाणिज्य संघका प्रमुखहरू, नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष, निर्माण कम्पनीका सञ्चालक र सडक आयोजनाका प्रमुख सदस्य सचिव रहने गरी समिति गठन गरी सडक निर्माणको कामलाई तीब्रता दिइएको छ।

- लामो समयसम्म विवादमा रहेको मोतिपुर औद्यौगिक क्षेत्रमा जग्गा यकिन गरी ब्यवस्थापन गर्न नगरप्रमुखको समन्वयमा माननीय गृहमन्त्री बालकृष्ण खाँणज्यूको समुपस्थितिमा मोतिपुर औद्योगिक क्षेत्र नापजाँच गरी यथार्थ प्रतिवेदन दिन जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्व र बुटवल उपमहानगरपालिकाका कार्यालय प्रमुख सदस्य सचिव रहने गरी सरोकारवाला समावेश भएको १३ सदस्यीय कार्यदल गठन भई आवश्यक कार्यको थालनी भएको छ।
- राष्ट्रकै महत्वपूर्ण व्यक्तित्वहरू स्व. वीपी कोइराला, स्व. पुष्पलाल श्रेष्ठ र यस नगरका पूर्व नगरप्रमुख स्व. सूर्यप्रसाद प्रधानको स्मृति पार्कको शिलान्यास गरिएको छ।
- नगरभित्रको जग्गालाई कृषि र गैरकृषि क्षेत्र छुट्याउने प्रक्रिया अगाडि बढाई सकिएको छ।
- लामो समयसम्म बुटवल उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गरेकाहरू तर बसोबासको कुनै प्रमाण नभएकाहरूलाई बसोबासको प्रमाण पत्र प्रदान गर्न सूचना गरी आवश्यक कार्यको शुरूवात भएको छ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि जग्गा प्रदान गर्न नापजाँचको कार्य निरन्तर चलिरहेको छ।
- जलस्रोत नीति तर्जुमाका लागि बुटवल वडा नं. १२ का वडाध्यक्षको संयोजकत्वमा कार्यदल गठन गरिएको छ।

- मौजुदा स्रोत साधनको अधिकतम प्रयोग गर्ने र मितव्ययी एवं पारदर्शिताका लागि उपलब्ध हुँदै आएका सुविधाहरुमा केही कटौती गर्ने गरी आर्थिक कार्य सञ्चालन निर्देशिका, २०७८ मा दोस्रो संशोधन गरिएको छ।
- उपमहानगर क्षेत्रभित्र यत्रतत्र रहेका ठेला व्यवसाय र ई-रिक्सालाई कसरी व्यवस्थित गर्न सकिन्छ भनी अध्ययन गरी पेश गर्न नगरप्रमुखको संयोजकत्वमा ठेला व्यवसाय र उपप्रमुखको संयोजकत्वमा ई-रिक्सा व्यवस्थापन समिति गठन गरिएको छ।
- लेखा प्रणालीलाई छिटोछरितो र पारदर्शी भुक्तानीका लागि Electronic Fund Transfer (EFT) साउन १ देखि प्रभावकारी रुपमा लागू गरिएको छ।
- १२ वर्ष भन्दा माथि उमेर समूहका सबै नागरिकहरुलाई कोभिड १९ विरुद्धको पूर्ण खोप भएको सुनिश्चितता घोषणा गरिएको छ।
- १५ वर्षदेखि २३ महिना सम्मका सबै बालबालिकाहरुलाई पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरिएको छ।
- ५ वर्षदेखि ११ वर्ष सम्मका सबै बालबालिकाहरुलाई कोभिड १९ विरुद्धको पूर्ण खोप पहिलो र दोश्रो मात्रा लगाइएको छ।
- डेंगु रोग नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरी लामखुट्टेका लार्भा नष्ट गर्ने कार्य र फगिङ गर्ने कार्य निरन्तर सञ्चालन गरिएको छ।
- वैदेशिक रोजगारमा जाने नागरिकलाई सहजीकरण तथा सहजताका लागि कोभिड १९ विरुद्धको खोपको क्यूआर कोड उपलब्ध गराउने कार्य सञ्चालन भईरहेको छ।

- लुम्बिनी प्रादेशिक अस्पताल, सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दा र सेमलार बर्थिङ सेन्टरमा जन्मिएका बुटवलभित्रका नवजात शिशु र आमाको लागि प्रतिपरिवार २५०० रुपैयाँ पोषण खर्च दिन शुरु गरिएको छ।
- एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम अन्तरगत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूलाई पढ्ने उमेरदेखि नै आयमूलक कार्यमा संलग्न गराउनका लागि कमाउ र अध्ययन गर भन्ने अभियानका साथ श्री नवरत्न माध्यमिक विद्यालय बुटवल-१५ छनौट गरी कार्यक्रम सञ्चालन गरिएको छ।
- तिनाउ नदीकिनारका बस्तीमा बाढीले जोखिम पुर्‍याउनबाट रोक्नका लागि नदीको विभिन्न स्थानमा च्यानलाइज गरिएको छ र नदीको विभिन्न ठाउँमा तारजाली लगाउने कार्य गरिएको छ।
- ज्योतिनगर पहिरोबाट प्रभावित क्षेत्रमा इन्जिनियर सहितको टोलीलाई एक्साभेटर, ट्र्याक्टर समेत उपलब्ध गराई त्यस क्षेत्रमा आउने पहिरोबाट हुनसक्ने क्षति कम गर्नका लागि खटाइएको छ र नगर स्तरीय उद्धार टोली समेत गठन गरी सक्रिय बनाईएको छ।
- नगर कार्यपालिकाका निर्णयहरू सम्बन्धमा जानकारी गराउन नगर प्रवक्ता र विभिन्न समितिका संयोजकहरूको व्यवस्था गरी डेस्कको व्यवस्था गरिएको छ।
- बुटवलभित्रका सरकारी कार्यालयहरुका बीचमा आपसी समन्वय, सहकार्य र सहजीकरणका लागि निरन्तर छलफल र समन्वय गर्ने कार्यका लागि प्रतिमहिना बैठक बस्ने कार्यको थालनी गरिएको छ।
- न्यायिक समितिद्वारा विवाद निरुपण तथा विवादमा मेलमिलापको कार्य निरन्तर सञ्चालन भइरहेको छ।

- बुटवल क्षेत्रमा उपभोक्ताको अधिकारलाई ध्यानमा राख्दै निरन्तर अनुगमन र नियमनको कार्य निरन्तर सञ्चालन भइरहेको छ।
- समन्वय र सहकार्यलाई अगाडि बढाई साझामञ्चका रुपमा स्थापित गर्न पूर्व नगरप्रमुख, उपप्रमुख, उपबिजेता र सबै दलहरुका लागि साझा कक्ष स्थापना गरिएको छ।
- सार्वजनिक जग्गा संरक्षणका लागि प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण समिति र नगरप्रमुखको संयोजकत्वमा नगरस्तरीय समिति गठन गरिएको छ।

**अन्त्यमा,**

बुटवलको उन्नति र प्रगतिका निम्ति सहकार्य गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई पुनः हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक र रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद

जय नेपाल

२०७९ भदौ १७ गते शुक्रबार।

**खेलराज पाण्डेय**
**नगर प्रमुख**
**बुटवल उपमहानगरपालिका**
**बुटवल, रुपन्देही ।**